# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड २) मुसिकोट,गुल्मी, माघ २० गते,२०७५ साल (संख्याः १०

# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## दिगो खानेपानी तथा सरसफाई सेवाका लागि कार्यक्रम सञ्चालन कार्यविधि २०७५

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्रको खानेपानी योजनाहरु निर्माण सम्बन्धि कार्य सञ्चालनको लागि मुसिकोट नगरपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ वमोजिम मुसिकोट नगर कार्यपालिकाले बनाएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# दिगो खानेपानी तथा सरसफाई सेवाका लागि कार्यक्रम सञ्चालन कार्यविधि २०७५

**प्रस्तावना**

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्रको खानेपानी योजनाहरु निर्माण सम्बन्धि कार्य सञ्चालनको लागि नगरपालिकाले दिगो खानेपानी तथा सरसफाई सेवाका लागि चरणबद्ध कार्यविधि आवश्यक देखिएकोले मुसिकोट नगरपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम मुसिकोट नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

१. **नाम र प्रारम्भ :** (क) यो कार्यविधिको नाम दिगो खानेपानी तथा सरसफाई सेवाका लागि कार्यक्रम सञ्चालन कार्यविधि २०७५ हुनेछ ।

(ख) यो कार्यविधी नगर कार्यपालिकाबाट पारित भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा

(क) “अध्यक्ष” भन्नाले उपभोक्ता समितिको अध्यक्षलाई संम्झनु पर्दछ ।

(ख) “उपभोक्ता” भन्नाले योजनाबाट प्रत्यक्ष लाभान्वित हुने योजना सञ्चालन हुने क्षेत्रभित्रका व्याक्तिहरुलाई जनाउदछ ।

(ग) “कार्यालय” भन्नाले मुसिकोट नगरकार्यपालिकाको कार्यालयलाई बुझाउछ । सो शब्दले वडा कार्यालय समेत बुझाउनेछ ।

(घ) “कार्यपालिका” भन्नाले मुसिकोट नगरकार्यपालिकालाई सम्झनु पर्दछ

(ङ) “पदाधिकारी” भन्नाले उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई संम्झनु पर्दछ ।

(च) “वडा” भन्नाले मुसिकोट नगरपालिका भित्रका वडालाई सम्झनु पर्दछ

(छ) "योजना" भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको खानेपानी तथा सरसफाइ क्रियाकलापलाई सम्झनुपर्दछ ।

(ज) "उपभोक्ता समिति" भन्नाले सामूहिक लाभका लागि संस्थागत रुपमा प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूको समूहले खानेपानी तथा सरसफाइ क्रियाकलापको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरू मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन र सम्पूर्ण उपभोक्ताहरुको प्रतिनिधित्व गर्ने निकाय सम्झनुपर्दछ ।

(झ) "सार्वजनिक परीक्षण" भन्नाले योजनाको चरणबद्ध कार्यविधि, २०७५ को सार्वजनिक परीक्षण बमोजिम उपभोक्ता समितिले सञ्चालन गर्ने खानेपानी तथा सरसफाइ योजनाको लक्ष्य, उद्देश्य, बजेट तथा यसबाट प्राप्त नतिजा, उपलब्धि र खर्च आदिको बारेमा उपभोक्ता र सरोकारवालाहरू वीच जानकारी गराउने, लेखाजोखा गर्ने, मूल्याङ्कन गर्ने र पृष्ठपोषण गर्ने प्रक्रिया सम्झनु पर्दछ ।

(ञ) "खुला दरभाउपत्र" भन्नालेउपभोक्ता समिति/खरिद समितिले निर्माण सामग्रीको दररेटउपलब्ध गराउनको लागि ईच्छुक सप्लायर/फर्म/कम्पनीलाई उपलब्ध गराउने दरभाउपत्रमा उक्त सप्लायर/फर्म/कम्पनीले मूल्य उल्लेख गरी खामबन्दी रुपमा पेश गरेको विवरण सम्झनु पर्दछ ।

(ट) "सिलबन्दी दरभाउपत्र" भन्नाले उपभोक्ता समितिको खरिद सूचना बमोजिम निर्माण सामग्री उपलब्ध गराउनको लागि ईच्छुक सप्लायर्स, फर्म, कम्पनीले सिलबन्दी (लाहाछाप लगाइएको) खामभित्र मूल्य समेत उल्लेख गरी पेश गरेको विवरण सम्झनु पर्दछ ।

(ठ) "खरिद" भन्नाले उपभोक्ता समितिले खानेपानी तथा सरसफाइ योजनाको लागि निर्माण सामग्री आपुर्ति गर्ने कार्य सम्झनु पर्दछ ।

**३. कार्यविधिका चरणहरू**

**१. सम्भाव्यता अध्ययन**

नगर वास व्यवस्थापन समितिको तथा स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा प्राथमिकतामा परेका योजनाहरु प्राविधिक, सामाजिक र आर्थिक रुपले सम्भाव्य छन् कि छैनन् भनी सुनिश्चित गर्न नगरपालिका वास इकाईका कर्मचारीहरुद्वारा

सम्भाव्यता अध्ययन गरिनेछ । वास संयोजकले सिफारिस सहित सम्भाव्यता अध्ययन प्रतिवेदन नगरपालिकामा प्रस्तुतीकरण गरी पेश गर्नुपर्दछ ।

**२. सामाजिक नक्सा**

खानेपानी योजना संचालन गर्न योजनालाई आवश्यक पर्ने सामाजिक, प्राविधिक र भौगोलिक तथ्याङ्कहरु सामाजिक नक्सांकनबाट उपलब्ध हुन्छ । सामाजिक नक्साङ्कन समुदायको प्रारम्भिक जानकारी सङ्कलन गर्ने एउटा महत्वपूर्ण एवं सहभागितात्मक औजार हो । सामाजिक नक्सा घरधुरी, जनसंख्याको तथ्याङ्क (महिला, पुरुष, वयस्क, बालबालिका, भुमिहीन, साक्षर, निरक्षर, आदि) का साथै सामाजिक संरचना र उक्त स्थानमा अवस्थित संघ संस्थाको जानकारी समावेश भएको एउटा दृश्यात्मक चित्र हो । यस प्रक्रिया अनुसार समुदायले भावी खानेपानी तथा सरसफाइ योजनाले सेवा प्रदान गर्ने स्थानको चित्रण पनि यसै सामाजिक नक्सामा तयार गरिएको हुनुपर्दछ ।सामाजिक नक्साङ्कन अन्तर्गत समुदायका महिला तथा पुरुषहरु स्वयंले आफ्नो समुदायको नक्सा तयार पार्दछन् । यस प्रक्रियामा समुदायको अवस्था हेरी आवश्यक भएमा महिला पुरुषको छुट्टाछुट्टै बैठक राख्नुपर्दछ । खासगरी महिलाहरु पुरुष वा अन्य समुदायका मानिसहरुको अगाडि बोल्न धक मान्ने समुदायमा यस्तो प्रकृया अपनाउनु पर्दछ ।

**३.उपभोक्ता समिति गठन तथा दर्ता**

खानेपानी योजना कार्यान्वयनको काम सम्पन्न गर्न योजना चक्रका सबै कामहरुमा सम्पूर्ण उपभोक्ताहरुलाई हरेक पटक परिचालन गर्न सम्भव नहुने भएकोले आमभेलाको माध्यमबाट उपभोक्ताहरुले आफ्ना प्रतिनिधि छनौट गर्दछन् । मुसिकोट नगरपालिकाको पूर्वाधार विकास सम्बन्धी ऐन, २०७४ को दफा १० (१) दफा ११ वमोजिमको लागि गठन हुने उपभोक्ता संस्थामा ९ देखि १५ जना सदस्यहरु रहन सक्नेछन् । उपभोक्ता संस्थामा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनु पर्दछ । यसरी गठन गर्न चाहने समूहले देहायको विवरणहरु सहित नगरपालिकाको जलस्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनुपर्दछ ।उपभोक्ता समितिको गठन मुसिकोट नगरपालिका स्थानीय तहको उपभोक्ता

समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बधि कार्यविधि २०७४ को दफा ४ अनुसार हुनुपर्नेछ ।

**उपभोक्ता समिति दर्ता :**

दर्ता सम्बन्धमा मुसिकोट नगरपालिकाको पूर्वाधार विकास सम्बन्धी ऐन, २०७४ परिच्छेद ३ को दफा १० को उपदफा २ मा मा व्यवस्था गरिए बमोजिम संस्था दर्ता गर्न चाहेमा तल उल्लेखित विवरण सहित नगरपालिकाको जलस्रोत र वातावरण हेर्ने शाखा समक्ष निवेदन दिनुपर्दछ ।

(क) उपभोक्ता संस्थाको विधान

(ख) मुहान दर्ता भईसकेको भए, दर्ताको प्रमाण र नभएको भए श्रोतको विवरण

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या

(घ) योजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत

(ङ) योजनाबाट पर्न सक्ने सामाजिक, वातावरणीय प्रभाव

(च) निवेदन

**उपभोक्ता समितिमा प्रतिनिधि हुन आवश्यक पर्ने कुराहरु**

उपभोक्ताहरुले उपभोक्ता समितिको प्रतिनिधिको रुपमा आप्mनो दायित्व बहन गर्न सक्ने कुनै महिला वा पुरुष जोसुकैलाई पनि स्वतन्त्र रुपमा छनौट गर्न सक्छन् । केवल सक्रिय र विश्वासिलो उपभोक्ता समितिले मात्र सफलतापूर्वक योजनाको कार्यान्वयन गर्न सक्दछ ।स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बधि कार्यविधि २०७४ मा व्यवस्था भए वमोजिम विद्यालयका शिक्षकहरु, सरकारी कर्मचारीहरु तथा अन्य कुनै संस्था/निकाय तथा राजनैतिक दलको मूख्य पदमा कार्यरत व्यक्तिहरु उपभोक्ता समितिमा रहन पाउंदैनन् ।

**उपभोक्ता समिति गठन प्रक्रिया**

उपभोक्ताहरुको आमभेला बोलाउने । भेलाको समय तथा स्थान सबैको लागि उपयुक्त भएको सुनिश्चित गर्नुपर्दछ । भेला बस्ने जानकारी (लिखित/मौखिक) सबै घर, महिला तथा पुरुषहरुलाई अग्रिम रुपमा जानकारी गराउनु पर्दछ । समुदायमा बस्ने सम्पुर्ण जाति, वर्ग र क्षेत्रका साथ साथै समुहहरुलाई पनि आमभेलाको जानकारी दिने । आमभेलामा कूल लाभान्वित घरधुरीको कम्तीमा पचहत्तर (७५) प्रतिशत घरबाट प्रतिनिधित्व हुनुपर्दछ । कूल लाभान्वित घरधुरीको कम्तीमा पचहत्तर (७५) प्रतिशत घरबाट प्रतिनिधित्व नभएमा वा महिलाहरुको सहभागिता आधा नभएमा वा कुनै टोल बस्ती वा समुदायको उचित प्रतिनिधित्व नभएमा भेला रद्द गरी उपयुक्त समयमा अर्को भेला आयोजना गर्नुपर्दछ

प्रस्तावित योजनाको आकार तथा लाभान्वित क्षेत्रको वस्तुस्थितिलाई ध्यान दिई उपभोक्ता समितिका सदस्यको संख्या निर्धारण गर्न लगाउने (९ देखी १५), संख्या निर्धारण भईसकेपछि समानुपातिक प्रतिनिधित्वको लागि महिला तथा विभिन्न जाति, वर्ग र भौगोलिक क्षेत्रबाट प्रतिनिधित्व हुने संख्या यकिन गर्ने, सदस्यहरुको चयनमा सबै जातजाति, वर्ग, क्षेत्र र ३३% महिला सहभागिता भए नभएको सुनिश्चित गर्ने ।

कानूनी मान्यताकालागि उपभोक्ता समितिलाई मुसिकोट नगरपालिका पूर्वाधार ऐन मुताबिक अनिवार्य रुपमा दर्ता गर्नुपर्दछ । उपभोक्ता समितिले उपभोक्ता समितिको विधान तयार गर्नुपर्दछ

**ग्रामीण मर्मत संभार कार्यकर्ता तथा पम्प अपरेटर छनौट**

कुनै पनि खानेपानी योजनाको दिगोपन उपभोक्ता समिति वा उपभोक्ताले त्यो योजनाको स्वामित्व कसरी लिन्छ भन्ने कुरमा भर पर्दछ । निर्माण कार्यको सुरुआतबाटै एक स्पष्ट सामुदायीक कार्ययोजना बनाउने, सो अनुसार निर्माण गर्ने, निर्मित संरचनाहरुको हेरचाह गर्ने र आधारभूत संरचनाको मर्मत तथा संभार गर्ने उपभोक्ता समितिको जिम्मेवारी हो । त्यसैले योजना कार्यान्वयनको सुरुवातमा उपभोक्ता समितिले उपभोक्ताहरु मध्येबाट

ग्रामीण मर्मत संभार कार्यकर्ता र लिफ्ट योजनाका लागी पम्प अपरेटरको चयन गरिनेछ ।

**अनुगमन समितिको व्यवस्था :**

योजना तोकिएको गुणस्तर, पमिाण र समयमा सम्पन्न गर्ने गराउन उपभोक्ता समितिले संम्पादन गर्ने कार्यको अनुगमन गरी योजनाको गुणस्तर, परिमाण सुनिश्चित गर्न आम भेलाबाट कम्तिमा एक जना महिला सहित ३ सदस्यीय एक अनुगमन समिति गठन गर्नु पर्नेछ ।

**४. उपभोक्ता समितिलाइ अभिमुखिकरण र आर्थिक ब्यवस्थापन सम्वन्धी तालिम**

खानेपानी तथा सरसफाइ उपभोक्ता समिति भनेको खानेपानी तथा सरसफाई उपभोग गर्ने सम्पूर्ण घरधुरीको प्रतिनिधित्व गर्ने मुसिकोट नगरपालिकाको पूर्वाधार विकास सम्बन्धी ऐन, २०७४ परिच्छेद ३ को दफा १० अनुसार गठन भएको संस्था हो । उपभोक्ता समिति उपभोक्ता प्रति जवाफदेही र योजनाको कार्यान्वयन तथा व्यवस्थापनको लागि जिम्मेवार हुन्छ । योजना तर्जुमा, तयारी (दुबै बजेट तथा सामग्री परिचालन), कार्यान्वयन र दिगो योजना संचालनमा (भविष्यमा पनि) समुदायलाई समावेश गर्ने पूर्ण जिम्मेवारी उपभोक्ता समितिमा रहेको हुन्छ । नगरपालिका रकम योजना कार्यान्वयनको निम्ति सिधै उपभोक्ता समितिको खातामा जान्छ । उपभोक्ता समितिले पारदर्शी एवं व्यवस्थित तवरमा आबश्यक सामग्री खरिद, भण्डार व्यबस्थापन तथा आय/व्ययको अभिलेख राख्नु पर्दछ । यसकारण उपभोक्ता समिति सामान खरिद, भण्डारण र लेखा व्यबस्थापनमा सजग हुनुपर्दछ । उपभोक्ता समितिका सदस्यहरुलाई योजना सम्बन्धी आय व्ययको विवरण, निर्माण सामग्रीहरु (औजार, फिटिङ्गस इत्यादि)को विवरण, दक्ष तथा अदक्ष ज्यामीहरुको ज्याला र श्रम योगदान सम्बन्धी विवरण उचित तवरमा राख्न योग्य बनाउनु यसको उद्देश्य रहेको छ ।

अवधि : २ दिन ( योजना अनुसार ३ दिन सम्म पनि गर्न सकिनेछ ।)

उपयुक्त समय : उपभोक्ता समिति गठन भए लगत्तै

सहभागीहरु : उपभोक्ता समितिका सबै सदस्यहरु तथा योजना क्षेत्रका नगरपालीका र वडाका खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिका सदस्यहरु

सहजकर्ताहरु: नगरपालिका वास इकाईका कर्मचारीहरु र नगरपालिकाका कर्मचारीहरु

आयोजक : नगरपालिका वास इकाई

उद्देश्य :

- उपभोक्ता समितिलाई योजनाको चरणबद्ध प्रक्रिया, निर्देशिका तथा मापदण्डको बारेमा अवगत गराउने,
- नगरपालिकाबाट कोष प्रवाहका प्रक्रियाहरुको बारेमा जनकारी गराउने,
- उपभोक्ता समितिका सदस्यहरुलाई योजना सम्बन्धी उनीहरुको भूमिका र जिम्मेवारीको बारेमा जानकारी गराउने,
- चरणबद्ध प्रक्रिया र योजना कार्यन्वयन तथा व्यवस्थापनमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सिद्धान्त र महत्व बुझाउने,
- निर्माण सामग्रीहरुको खरिद, ढुवानी, भण्डारण तथा आम्दानी खर्चको ब्यवस्थित लेखा राख्न उपभोक्ता समितिको क्षमता अभिवृद्धि गर्ने ।
- निर्माण सामग्री, औजार आदिको अभिलेख राख्न सक्षम बनाउने
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई दक्ष, अर्धदक्ष ज्यामी एवं जनश्रमको लेखा राख्न सक्ने बनाउने ।
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई नेपाल सरकार र स्थानीय तहको आर्थिक नीति नियमको वारेमा जानकार बनाउने ।
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई निर्माण सामग्रीहरुको गुणस्तरको बारेमा सचेत बनाउने

**५. उपभोक्ता समितिमा हुनुपर्ने कागजात तथा खाताहर**

मुसिकोट राजपत्र

उपभोक्ता समितिले तल दिइएका कागजात तथा खाताहरुको अद्यावधिक गर्नुपर्दछः

१.नगद तर्फको आम्दानी खर्च खाता

२.बैंक खाता

३.अन्य बिल भरपाई र भौचर

४. जिन्सी खाता

**६. खरीद प्रकृया**

चरणवद्ध कार्यविधि अन्तर्गतका सबै खानेपानी योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन हुनेछन् । उपभोक्ता समितिद्वारा गरिने सामग्री खरिदका प्रक्रियाहरु तथा विधि निम्नानुसार हुनेछन ।

प्रक्रिया १: सोझै खरिद

प्रक्रिया २: प्रतिस्पर्धात्मक दरभाउपत्र

प्रक्रिया ३: बोलपत्र

**खरिद प्रक्रियाका चरणहरु**

जुनसुकै खरिद प्रक्रियामा अपनाउनु पर्ने सामान्य चरणहरुः

१. हरेक खरिद प्रक्रियाका सम्पूर्ण चरणहरुमा पारदर्शिता, अभिलेख र बैठकका निर्णयहरु दुरुस्त कायम राख्ने ।
२. उपभोक्ताको आम भेलाले योजनाको निर्माण सामग्री खरिदका लागि तीन सदस्य (कम्तिमा एक जना महिला रहने गरी) खरिद समिति चयन गर्ने । उक्त ३ सदस्यमा १ जना उपभोक्ता समितिबाट र २ जना उपभोक्ताहरुबाट हुनुपर्ने । सोही आम भेलाबाट उक्त ३ जनामध्ये १ जनालाई खरिद समितिको संयोजकको रुपमा चयन गर्ने र आम भेलाबाटै सामग्री खरिद प्रक्रियाको छनौट (सोझै खरिद, प्रतिस्पर्धात्मक दरभाउपत्र वा बोलपत्र) सम्बन्धी निर्णय गर्ने

मुसिकोट राजपत्र

३. उपभोक्ता समिति र खरिद समितिलाई सामग्री खरिद गर्नुभन्दा पहिले खरिद योजनामा प्रचलित खरिद प्रकृया, स्रोत परिचालन तथा व्यवस्थापन सबन्धी प्रावधानहरु र सिमेन्ट, पाइप र अन्य निर्माण सामग्रीहरुको गुणस्तर तथा मापदण्ड र स्पेसिफिकेसन जस्ता बिषयहरु समावेश गर्ने ।

४. नगरपालिका वास इकाईबाट योजनामा खटाइएका प्राविधिक कर्मचारीले र आवश्यकता परेको खण्डमा प्राविधिक शाखाले योजनाको डिजाइन तथा लागत प्रतिवेदन अनुसार खरिद गर्नुपर्ने सामग्रीहरूको विस्तृत प्राविधिक स्पेसिफिकेशन सहितको दरभाउपत्र फाराम तयार गर्न उपभोक्ता समितिलाइ सहयोग गर्ने ।

५. उपभोक्ता समिति र खरिद समितिले छनौट गरिएको खरिद प्रक्रियाको सम्पूर्ण चरणहरु पालना गर्ने ।

६. उपभोक्ता समितिको अध्यक्ष वा खरिद समितिको संयोजकले दरभाउपत्र बिक्रि वितरण गर्नु भन्दा पहिले सबै पानामा हस्ताक्षर गर्ने र उपभोक्ता समितिको छाप लगाउने ।

७ .उपभोक्ता समितिले सामाग्रीहरु ढुवानी भईसकेपछि प्राप्त बिल र सामग्रीको आधारमा प्राप्त मिति समेत उल्लेख गरी खर्च भएर जाने सामानहरु खर्च भएर जाने जिन्सी खातामा र खर्च भएर नजाने सामानहरु खर्च भएर नजाने जिन्सी खातामाचढाउने ।

८. सामान दाखिला पश्चात सप्लायरलाई रकम भुक्तानी प्रक्रिया अगाडि बढाउने, एकाउन्ट पेयी चेकबाट भुक्तानी दिने ।

९. एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न सकिने छैन ।

**उपभोक्ता समितिलेद्धारा गरिने सामाग्री खरिद प्रक्रियाः**

१. सोझै खरिद : रु १००, ०००।–

२. प्रतिस्पर्धात्मक दरभाउपत्र :

क) खुला दरभाउपत्रः (रु. १००,००० – रु.३००,०००)

ख) सिलबन्दी दरभाउपत्र : रु ३००, ००० भन्दा बढि

३. बोलपत्र : उपभोक्ता समितिले आफैले खरिद गर्न नसक्ने भनी निर्णय गरेको विषेश अवस्थामा ।

## ७. योजनाको प्रथम रेखाङ्कन तयारी

योजना रेखाङ्कन भनेको योजनाको एउटा चित्र हो, जसमा योजनाका प्रमुख भागहरु जस्तै, पाइपलाइनको मार्ग, सडक, धारा, टंकी र तीनका स्थानहरु, बिद्यमान पूर्वाधारका संरचना आदीका संकेत बनाई नक्सामा प्रतिबिम्वित गरिएको हुन्छ । योजनाको रेखाङ्कन समुदायीक नक्सामा आधार भएर बनाउनु पर्दछ ।

योजनाको प्रथम रेखाङ्कन विस्तृत प्राविधिक सर्भेक्षणको लागि महत्वपूर्ण आधार हो । उपभोक्ताले निर्धारण गरेको रेखाङ्कन विस्तृत प्राविधिक सर्भेक्षणको समयमा प्राविधिक कारणले असम्भव भई फेरबदल गर्नुपरेमा सो विषयमा समुदायसँग पुनः छलफल गरी निर्णय गर्नुपर्दछ । योजना निर्माणको समयमा आउने विवादहरु कम गर्न तथा उपभोक्ताहरुमा साझा बुझाइ स्थापित गराउनको लागि यस्तो छलफल गर्नु आवश्यक हुन्छ । यसो गर्दा बिस्तृत प्राबिधिक सर्भेक्षण गर्दा र योजना कार्यणयन चरणको क्रममा विवाद कम हुने  गर्दछ । यसका औजारहरु भनेकै योजनाको प्रथम रेखाङ्कन र योजना क्षेत्रको समुदायिक नक्सा हुन् ।

सर्भे टोलीले प्रथम रेखाङ्कनको आधारमा बिस्तृत सर्भेक्षण गर्दछ । यदि कुनै संरचनाको अवस्थिति प्राविधिक कारणले सम्भव नभएमा विस्तृत सर्वेक्षण सम्पन्न भएपछि उपभोक्ताको भेलामा प्रस्तुत गरी पारित गराउनुपर्दछ । विस्तृत प्राविधिक सर्भेक्षण सम्पन्न भएपछि सर्भेक्षण टोलीले योजनाको अन्तिम रेखाङ्कन नक्सा तयार गर्नेछ ।

## ८. विस्तृत प्राविधिक सर्वेक्षण

यो कार्यविधी खानेपानी आयोजनामा गरिने विस्तृत प्राविधिक सर्भेक्षण कार्यलाई सहयोग पु¥याउने उद्देश्यले तयार गरिएको छ । खानेपानी योजनाका विभिन्न

संरचनाहरुको उपयुक्त स्थान, संरचनाका साइज र संख्या योजना स्थलको विस्तृत सर्भेक्षणबाट गरिन्छ । खानेपानी प्रणालीको डिजाइनको लागि आवश्यक पर्ने आधारभूत तथ्यांक विस्तृत प्राविधिक सर्भेक्षणबाट मात्र उपलब्ध हुन्छ, जसमा डेस्क अध्ययन र फिल्ड सर्भेक्षण समेत पर्दछन् ।

## ९. डिजाइन तथा इस्टिमेट

यदि ग्राभिटी खानेपानी प्रणाली सम्भव नभएमा अन्य वैकल्पिक उपायहरु जस्तै बर्सातको पानी संकलन प्रणाली वा मुल सुधार तथा संरक्षण कार्य वा लिफ्टिङ प्रणाली वा अन्य विकल्पहरुको खोजी गर्नुपर्दछ । मुल संरक्षणले पानी प्रदुषित हुने सम्भावनालाई कमगर्दछ । लिफ्टिङ प्रणालीका योजनाहरुमा विद्युतीय वा सोलार लिफ्ट कुन छनौट गर्ने भन्ने कुरा महत्वपुर्ण हुन्छ र यो बिषय योजनाको सम्भाव्यता अध्ययनमै (सुरुमै) समुदायमा राम्रोसँग छलफल गर्नु पर्दछ । योजना डिजाईन अवधि सम्म चालुरहने किसिमले डिजाइनकर्ताले आफ्नो ज्ञान र विवेक प्रयोग गरि डिजाईन गर्नुपर्दछ ।

## १०.सामुदायिक कार्ययोजना तयारी

योजना सञ्चालन गर्नु पूर्व उपभोक्ता समितिले चरणबद्ध कार्यविधिको अनुशरण गरी सामुदायिक कार्ययोजना तयार गोष्ठि गर्नुपर्दछ । सामुदायिक कार्ययोजनामा उपभोक्ता समितिको खानेपानी योजना सफल रुपमा निर्माण गर्नको लागि एक महत्वपूर्ण मार्गदर्शन हो । सामुदायिक कार्ययोजनाले भविष्यमा के गर्ने, कसरी गर्ने, कस्ले गर्ने, कहिले गर्ने, स्रोतहरु (रकम, जनशक्ति र सामग्री) के–के र कहिले चाहिन्छ, र बजेट कसरी उपलब्ध हुन्छ स्पष्ट पार्नु पर्दछ । उपभोक्ताहरुले आफ्नो सामुदायिक कार्ययोजना आफैले तयार गर्नु महत्वपुर्ण हुन्छ ।

अभिमुखिकरण अवधिः २ दिन ( योजना अनुसार ३ दिन सम्म पनि गर्नसकिनेछ ।)

सहभागीहरुः उपभोक्ता समितिका सबै सदस्यहरु, मर्मत संभार कार्यकर्ता, खरिद समितिका सदस्यहरु

मुसिकोट राजपत्र

स्रोत व्यक्तिः वास संयोजक, वास सहजकर्ता, खानेपानी.तथा सरसफाइ प्राविधिक,सब–इन्जिनियर

आयोजकः नगरपालिका वास इकाई

**अभिमुखीकरणको उद्देश्यः**

- उपभोक्ता समितिका सदस्यहरुलाई खानेपानी योजनाको डिजाइन, लागत अनुमान र ले(आउट ल्पान (रेखाङ्कन) बारे स्पस्ट बनाउने ।
- उपभोक्ता समितिका सदस्यहरुलाई सामुदायिक कार्ययोजनाको महत्व स्पस्ट रुपमा बुझाउने ।
- योजना कार्यान्वयनको लागि सामुदायिक कार्ययोजनाको मस्यौदा तयार गर्ने ।
- उपभोक्ता समितिका सदस्यहरुलाई सम्पन्न सम्झौताका सर्तहरु तथा प्रावधानहरुको बारेमा स्पष्ट बनाउने,
- सामुदायिक कार्ययोजनाको समीक्षा गर्ने र सोहीबमोजिम कामको व्यवस्थापन गर्ने,
- खरिद योजना, नियम, प्रक्रिया तथा पद्धतिको बारेमा समीक्षा गर्ने,
- उपभोक्ता समितिलाई सामुदायिक कार्ययोजना वमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न तथा योजना निर्माण अन्तर्गतका क्रियाकलापहरुको व्यवस्था गर्न तयारी गर्ने,

**११. सार्वजनिक परीक्षण**

सार्वजनिक परीक्षण विशेष गतिविधि, आयोजना, योजना, परियोजना र संस्थाको कार्यक्रमको लागि पारदर्शिताको लागि प्रयोग हुने औजार हो । यो कार्यक्रमको गतिविधिहरु, कार्यान्वयनका सवालहरु, आर्थिक मामिलाहरुर श्रोत साधनको प्रयोगमा बढी केन्द्रित छ । यो उपभोक्ताहरुलाई उनीहरुको स्थानीय स्तरमा भएका विकास निर्माणका क्रियाकलापहरु बारे जानकारी दिने माध्यम पनि हो । सार्वजनिक परीक्षण योजना क्षेत्रका अधिकाँश घरधुरीहरुको सहभागितामा आमभेलाद्वारा आयोजना गरिन्छ । यो सम्पन्न भएका क्रियाकलापहरुको सहभागितामूलक समीक्षा साथै योजनाहरुको दिगोपनाका र सम्बन्धित क्रियाअलापहरुको गुणस्तर कायम गर्नका लागि आवश्यक पर्ने सुझावहरु उपभोक्ता समिति, नगरपालिकाका वास कर्मचारीहरु र समुदायबाट सँयुक्त

रुपमा पृष्ठपोषण लिने प्रक्रिया हो । सार्वजनिक परीक्षण एउटा आयोेजनामा दुई पटक आयोजना गर्नुपर्दछ

पहिलो सार्वजनिक परीक्षण : योजना शुरु गर्नु भन्दा अगाडि

दोस्रो सार्वजनिक परीक्षण : योजना समाप्त भएपछि

**पहिलो सार्वजनिक परीक्षण**

योजना कार्यान्वयन तयारी प्रकृयाको अन्त्यमा पहिलो सार्वजनिक परीक्षणको आयोजना गरिन्छ । योजनाको अन्तिम रेखाङ्कन, डिजाइन र योजनाको लागत अनुमान तयार भैसकेपछि उपभोक्ता घरधुरीहरुको सहभागितामा यो कार्ययोजना तयारी प्रक्रियाकोे अन्त्यमा गर्नुपर्दछ । योजनाको पहिलो अनुगमन पनि अनुगमन टोलीद्वारा सोही दिन गर्नु पर्दछ ।

**पहिलो सार्वजनिक परीक्षणका उद्देश्यहरुः**

उपभोक्ता समितिले सामुदायिक कार्ययोजना प्रस्तुत गर्ने उपभोक्ताहरु द्वारा स्वीकृत गर्ने,

योजनाको डिजाइन, लागत तथा रेखाङ्कनको बारेमा जानकारी दिने, अन्तिम समीक्षा गर्ने र उपभोक्ताहरुले योजनाको डिजाइन र लागत अनुमान स्वीकृत गर्ने,

समुदाय तथा सम्बन्धित सरोकारवालाहरुलाई योजनाका गतिविधिहरु, कार्यान्वयन प्रकृया र प्रगति बारे जानकारी गराउने

खरिद प्रक्रियाकोे बारेमा छलफल गरी र निर्णय गर्ने वा खरिद गर्न अपनाईएका सबै माथी उल्लेखित विधि र प्रक्रिया अनुसार खरिद गरिएको भए सो को अनुमोदन गर्ने ।

उपभोक्ता समितिले योजना अन्तिम स्वीकृती गर्ने ।

पहिलो किस्ता रकम मागका लागि भेलाबाट स्वीकृत गर्ने ।

पहिलो अनुगमन गर्ने ।

**आवश्यक दस्तावेजहरु**

सार्वजनिक परीक्षणको दौरान उपभोक्ता समितिले निम्न अनुसारका दस्तावेजहरु व्यवस्थापन गर्नुपर्दछ :

उपभोक्ता समितिको निर्णय पुस्तिका

योजनाको मस्यौदा सामुदायिक कार्ययोजना

योजनाको डिजाइन प्रतिवेदन

योजनाको अन्तिम रेखाङ्कन नक्सा र सामुदायिक नक्सा

लाभान्वित घरधुरी र जनसंख्याको विवरण

**दोस्रो सार्वजनिक परीक्षण**

दोस्रो सार्वजनिक परीक्षण निर्माण कार्य सम्पन्न भईसकेपछि अन्तिम किस्ता निकासा हुनुभन्दा पहिले आम भेलाद्वारा गरिन्छ जसमा सम्पूर्ण उपभोक्ताका साथै सम्बन्धित सरोकारवाला निकायहरुको पनि उपस्थिति रहन्छ । योजनाको दोस्रो अनुगमनका दिन नै उक्त योजनको दोस्रो सार्वजनिक परीक्षण गरिन्छ ।

**दोस्रो सार्वजनिक परीक्षणको े उद्देश्यहरु :**

–योजनाका सम्पूर्ण आम्दानी र खर्च तथा क्रियाकलापहरुको परीक्षण गरी आम भेलाबाट पारित गराउने ।

–योजनाको दिगो सञ्चालनका लागि निर्माण पश्चातको चरणमा सम्बोधन हुने उपयुक्त सञ्चालन विधि निर्धारण गर्न ।

–पारदर्शिताद्वारा योजनाप्रति अपनत्वको भावना सृजित गराउन ।

–योजनाको रकम सही रुपमा खर्च गरी गुणस्तरीय कार्य भए नभएको लेखाजोखा गर्न ।

–दोस्रो अनुगमन गर्ने ।

**दोस्रो सार्वजनिक परीक्षणमा उपभोक्ता समितिले तयार गर्नुपर्ने कागजातहरुः**

–उपभोक्ता समितिको निर्णय पुस्तिका

आन्दानी र खर्च खाता तथा स्टेटमेन्ट

बिल भौचर फाइल

डिजाइन रिर्पोट तथा योजनाको सम्झौता पत्र

स्टोर अभिलेख खाता

डोर हाजिर फारम तथा भुक्तानी खाता

पत्राचार (आएको गएको पत्रहरु) फाइल

आगन्तुक पुस्तिका

**१२. लगानी साभेदारी**

नगरपालिकाद्धारा संञ्चालित खानेपानी तथा सरसफाइ योजनाहरुमा नगरपालिका र उपभोक्ताहरुको निम्नानुसार लागनी सुनिश्चित भएमा मात्र योजना कार्यान्वयन गरिनेछ ।

मुसिकोट राजपत्र

नगरपालिका तर्फबाट : ७० प्रतिशत नगद

उपभोक्ताको तर्फबाट : ३० प्रतिशत नगद वा श्रम सहभागिता

क) नगद १ प्रतिशत अनिवार्य (खाता सञ्चालन तथा नगद योगदान )

ख) नगद वा श्रम २९ प्रतिशत ( योजना निर्माण वा सञ्चालन गर्न ।)

ग) मर्मत संभार कोषका लागि कम्तिमा १ प्रतिशत योगदानको सुनिश्चिता ।

**१३. खाता सञ्चालन**

उपभोक्ता समितिको बैंक खाता कार्यालयले तोकेको बंैकमा खाता खोलि सञ्चालन हुनेछ । समितिको खाता अध्यक्ष, सचिव र कोषध्यक्ष गरी तीन जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता सञ्चालकहरु मध्ये कम्तिमा एक जना महिला हुनु पर्नेछ ।

**१४. उपभोक्ता समितिलाइ गरिने भुक्तानी**

नगरपालिकाबाट उपभोक्ता समितिको खातामा जम्मा हुने गरी किस्ताबन्दीमा निकासा भुक्तानी गरिनेछ ।

**प्रथम किस्ता** : योजना कार्यान्वयनका लागि सम्झौता सम्पन्न भए पश्चात तथा उपभोक्ता तर्फको हुन आउने नगद साझेदारी १ प्रतिशत रकम बैकमा जम्मा गरेको प्रमाणका आधारमा योजनाको लागत अनुमान मध्ये नगरपालिका तर्फको ५० प्रतिशत बराबर पहिलो किस्ता स्वरुप उपभोक्ताको बंैक खातामा पेश्की रकम निकासा गरिने छ ।

–पहिलो किस्ता निकासा भन्दा पहिले उपभोक्ता समितिले बाह्य सामाग्रीहरु खरिदको लागि बजार सर्भेक्षण तथा दरभाउपत्र (कोटेसन) संकलन, तुलनात्मक तालिका समेत तयार गरी उपभोक्ता समितिबाट सप्लायर छनौट भएको निर्णय पेश गर्नु पर्ने छ ।

–पहिलो अनुगमन तथा पहिलो सार्वजनीक परिक्षण भएको हुनु पर्नेछ

–बैकं खाता खोलेको र १ प्रतिशत नगद बैक जम्मा गरेको हुनु पर्नेछ।

–वडा कार्यालय र नगरपालिका वास इकाईका कर्मचारीको सिफारिस हुनु पर्नेछ ।

मुसिकोट राजपत्र

**दोस्रो तथा अन्तिम किस्ता** : अन्तिम किस्ता वापत बढिमा ५० प्रतिशत रकम निकासा निम्न अनुसारको प्रतिवेदन प्राप्त भएपछि मात्र गरिनेछ ।

–योजनाको वास्तविक कार्यको प्राविधिक मूल्याङ्कन प्रतिवेदन तथा नापी किताब

–सामुदायिक कार्ययोजना वमोजिमका सबै क्रियाकलापहरु सम्पन्न भएको प्रतिवेदन

–योजनाको दोस्रो सार्वजनीक परीक्षण प्रतिवेदन

–वडा कार्यालय र नगरपालिका वास इकाईका कर्मचारीको सिफारिस

–दोस्रो अनुगमन प्रतिवेदन नगरपालिकाबाट स्विकृत

उपभोक्ता समितिलाई अन्तिम किस्ता भुक्तानी दिंदा सम्झौताको कूल रकम नबढने गरी वास्तविक खर्चको आधारमा भुक्तानी दिइने छ ।

**१५. सरसफाइ तथा स्वच्छता कृयाकलाप**

उपभोक्ता समितिले शौचालय, भाँडा सुकाउने चाङ्ग, फोहोर फाल्ने खाडल, धुँवा रहित चुल्हो निर्माण हुन बाँकी रहेका घरहरुमा निर्माण गर्नको लागि उपभोक्ताहरुलाई उत्प्रेररित गर्ने । उपभोक्ता समितिले व्यक्तिगत, घरायसी तथा वातावरणीय सरसफाइ तथा स्वच्छता सम्बन्धी आनीबानी तथा सुरक्षित पानीको व्यवस्था गर्ने र यसको लागि महिला सामुदायिक संस्था/समूहहरुको परिचालन एवं नियमित अन्तरक्रिया गर्ने कार्यलाई निरन्तरता दिनुपर्नेछ ।

४.. **यसै कार्यविधि बमोजिम हुने** : यस कार्यविधिमा उल्लेख गरिएका व्यवस्था यसै बमोजिम र अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

५. **कार्यविधिको व्याख्या** : यस कार्यविधि कार्यान्वयनका रुपमा कुनै द्धिविधा भएमा मुसिकोट नगर कार्यपालिकाको व्याख्या अन्तिम हुनेछ

६. **संसोधन** : यस कार्यविधिलाई नगर कार्यपालिकाको बैठकले संसोधन ,थप र खारेजी गर्न सक्नेछ ।

**प्रमाणिकरण मिति : २०७५।१०।२०**

**आज्ञाले,**
**नवराज भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**

मूल्य रू २०

मुसिकोट राजपत्र